**नेपाल लाइफ**
**इन्स्योरेन्स कं. लि.**

## आ.ब ०७५/७६ को दोस्रो त्रैमासिकसम्मको वित्तीय परिणाम

### वासलात

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ६५,२४२,५९२,८४३ | ६२,८६४,३२२,८८३ | ५४,०८५,३४१,१४१ |
| १.१ | चुक्ता पूँजी | ४,३९६,९२८,६४८ | ४,३९६,९२८,६४८ | ३,०९६,४२८,६२५ |
| १.२ | जगेडा तथा कोष | ३,७३६,१७०,२८६ | ३,६५९,८१४,३२६ | ५,०२९,४२६,०६६ |
| १.३ | जीवन बीमा कोष | ५६,७३८,३८७,७९६ | ५४,४३६,४७३,७९६ | ४५,६३४,११४,१०७ |
| १.४ | महाविपत्ती कोष जगेडा | ३७१,१०६,११३ | ३७१,१०६,११३ | ३२५,३७२,३४२ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | – | – | – |
| २ | उपयोग (२.१ देखि २.६ सम्म) | ६५,२४२,५९२,८४३ | ६२,८६४,३२२,८८३ | ५४,०८५,३४१,१४१ |
| २.१ | स्थिर सम्पत्ति (खुद) | ३०६,१७५,९७३ | ३०४,६७०,९५७ | ३०७,६२०,७६६ |
| २.२ | दिर्घकालिन लगानी तथा कर्जा | ४३,१२३,६८२,३४३ | ३८,२६२,०९४,६८० | १८,५५३,८२१,३०८ |
| २.३ | बीमालेखको धितोमा कर्जा | १०,१०९,९७९,३७५ | ९,४६१,४१८,५४८ | ७,१८०,४४१,८३१ |
| २.४ | खुद चालु सम्पत्ति (३-४) | ११,७०१,३७७,०७० | १४,८३४,१९९,५०९ | २८,०३९,३४३,९९२ |
| २.५ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | १,३७८,०८३ | १,९३९,१९० | ४,११३,२४४ |
| २.६ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | – | – | – |
| | खुद चालु सम्पत्तिको विवरण | | | |
| ३ | चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म) | १५,०७२,९१६,२४३ | १७,५५७,२६६,७१५ | ३०,४०२,०९१,२४३ |
| ३.१ | नगद तथा बैंक मौज्दात | २७२,८८२,०८४ | ८७,८५०,२०५ | २३२,१८९,७८५ |
| ३.२ | अल्पकालिन लगानी तथा कर्जा | १०,२९५,०९६,९०१ | १३,३४७,१५७,८०३ | २६,५५७,७८६,०९९ |
| ३.३ | अन्य सम्पत्ती | ४,५०४,९३७,२५८ | ४,१२२,२५८,७०७ | ३,६१२,११५,३५९ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म) | ३,३७१,५३९,१७३ | २,७२३,०६७,२०७ | २,३६२,७४७,२५१ |
| ४.१ | चालु दायित्व | ७३९,७३४,४५१ | ६३४,७४३,२८५ | ८३६,७३२,६१२ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | १९१,०१०,०११ | १९१,०१०,०११ | ३५४,७१४,५९२ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | १,७८३,९८१,३०६ | १,३१६,४९६,४७८ | ८३५,४६८,४०४ |
| ४.४ | अन्य व्यवस्था | ६५६,८१३,४०५ | ५८०,८१७,४३३ | ३३५,८३१,६४३ |

### नाफा-नोक्सान हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | ४६०,६१८,१८७ | २७४,७८३,२४२ | ५१६,५२२,४४१ |
| १.१ | आय व्यय हिसावबाट सारेको | ३६,४१९,१९५ | ६०,२८४,१९९ | ११७,९२३,४५७ |
| १.२ | जीवन बीमा कोषबाट सारेको* | – | – | – |
| १.३ | लगानी कर्जा तथा अन्यबाट आय | ४२४,१९८,९९२ | १८७,११७,७६५ | ३९८,५९८,९८४ |
| १.४ | व्यवस्था फिर्ता | – | २७,३८१,२७८ | – |
| १.५ | अन्य आम्दानी | – | – | – |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८) | १८०,०९२,०६६ | ७०,६१३,०८१ | २३६,८४१,८२९ |
| २.१ | व्यवस्थापन खर्च | ४४,२४२,२६६ | १६,७४२,६२१ | २२,५६०,४८६ |
| २.२ | अपलेखन खर्च | – | – | – |
| २.३ | अन्य खर्च | – | – | – |
| २.४ | नोक्सानीको लागि व्यवस्था | ३६,११७,७७९ | – | ९९,८४४,७११ |
| २.५ | कर्मचारी आवास व्यवस्था | – | – | – |
| २.६ | कर्मचारी बोनस व्यवस्था | ३८,०२२,०४५ | २५,८००,८७२ | ३५,८२२,४२१ |
| २.७ | आयकर | ६१,७०९,९७६ | २८,०६९,५८७ | ७८,६१४,२१२ |
| २.८ | जीवन बीमा कोषमा सारेको | – | – | – |
| | खुद नाफा/नोक्सान (१-२) | २८०,५२६,१२१ | २०४,१७०,१६१ | २७९,६८०,६११ |

*कम्पनीको बीमाङ्कीय मूल्याङ्कन पश्चात् प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

### एकिकृत आय-व्यय हिसाब

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १ | आय (१.१ देखि १.७ सम्म) | १५,१२०,८८१,५०० | ८,६३०,९६९,७४७ | १०,६३४,२२२,८८४ |
| १.१ | बीमाशुल्क (खुद) | १०,४७५,४७६,१९१ | ५,४३२,८९४,६७५ | ७,१४५,४३२,०८० |
| १.२ | पुनर्बीमा कमिशन आय | १५,१८१,९५३ | ५,०००,००० | ४,६००,००० |
| १.३ | लगानी, कर्जा तथा अन्यबाट आय | २,१८८,९७९,९२४ | १,०४२,५१९,०२७ | १,८७७,००९,८१० |
| १.४ | बीमालेखको धितोमा कर्जाबाट आय | ४९९,४४०,०६५ | २५३,७१८,९५२ | ४५९,००७,९१५ |
| १.५ | अन्य प्रत्यक्ष आय | ९३,९१०,८९० | ४८,९४४,६१६ | ५४,०४६,३३६ |
| १.६ | यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था | १,५५९,९४४,१२८ | १,५५९,९४४,१२८ | ७३९,४१२,१५१ |
| १.७ | यस वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | २८७,९४८,३४९ | २८७,९४८,३४९ | ३५४,७१४,५९२ |
| २ | व्यय (२.१ देखि २.१० सम्म) | ९,२१९,१४८,९४९ | ५,०७१,५१७,८६६ | ४,८८८,५९६,६२२ |
| २.१ | दावी भुक्तानी (खुद) | ५,२००,०५४,९४० | २,५९८,२८३,५९७ | २,२५६,४०८,३६६ |
| २.२ | अभिकर्ता कमिशन | १,२४२,५२७,७५४ | ६१०,७८०,४३९ | ८१२,२८२,०६९ |
| २.३ | स्वास्थ्य परिक्षण शुल्क | ६,४५९,१५८ | २,३६६,९२१ | ३,६५३,१९० |
| २.४ | पुनर्बीमा कमिशन खर्च | – | – | – |
| २.५ | सेवा शुल्क (खुद) | १०४,७५४,७६२ | ५४,३२८,९४७ | ७१,४५४,३२१ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | १,३३१,२०१ | ६३६,५२० | १,६१३,८६० |
| २.७ | व्यवस्थापन खर्च | ३९८,१८०,३९० | १५०,६८३,५८७ | २०३,०४४,३७१ |
| २.८ | आयकर | २९०,८४९,४२७ | १४६,९३१,३६७ | ३४९,९५७,४५० |
| २.९ | यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था * | १,७८३,९८१,३०६ | १,३१६,४९६,४७८ | ८३५,४६८,४०४ |
| २.१० | यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था | १९१,०१०,०११ | १९१,०१०,०११ | ३५४,७१४,५९२ |
| ३ | वचत (१-२) | ५,९०१,७३२,५५१ | ३,५५९,४५१,८८१ | ५,७४५,६२६,२६२ |
| ३.१ | जीवन बीमा कोषमा सारेको | ५,८६५,३१३,३५६ | ३,४९९,१६७,६८२ | ५,६२७,७०२,८०५ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | ३६,४१९,१९५ | ६०,२८४,१९९ | ११७,९२३,४५७ |

* भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था अन्तर्गत समर्पण मूल्य (Maturity Payment), आंशिक अवधि समाप्ती दावी (Partial Maturity Payment) र मृत्यु दावी (Death claim payment) पर्दछ। उल्लेखित रकम मध्य रु ७.२१ करोड मृत्यु दावी (Death Claim Payment) वापत व्यवस्था गरिएको छ ।

### अन्य विवरण

| क्र.सं. | विवरण | यस त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | अघिल्लो आ.ब.को सम्बन्धित त्रैमासिकको अन्त्य सम्ममा |
|---|---|---|---|---|
| १. | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म) | ७९,१५९,४८० | ७४,०४०,१७३ | ५९,६०२,१५५ |
| | कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.) | १०,६०३,७६३ | ५,४८४,४५७ | ७,२२५,१७४ |
| २. | कुल कायम रहेको बीमालेखको संख्या | १,२०९,७२० | १,१८१,१८३ | १,०८०,२६६ |
| ३. | घोषित मुनाफा (बोनस) को दर (७३-७४ सम्मको) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ४. | अन्तरिम मुनाफा (बोनस) को दर (७४-७५ देखि हाल सम्म) | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म | प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म |
| ५. | कुल दावी भुक्तानी रकम (रु.हजारमा) | ५,४२४,०९२ | २,३५४,८३६ | २,३५२,४६५ |
| ६. | कुल दावी भुक्तानी संख्यामा | २८,४४८ | १४,३३४ | १८,३६८ |
| ७. | भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा) | १,७८३,९८१ | १,३१६,४९६ | ८३५,४६८ |

दृष्टव्य: १) कम्पनीको माथी उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।
२) वित्तिय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परिक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

## आ.व. २०७५/०७६ को दोस्रो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ को प्रयोजनका लागि)

१) वित्तिय विवरण:

क) दोस्रो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७५/१०/२९ गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख बित्तिय अनुपातहरु :

बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तिय अनुपातहरु फरक पर्न सक्छ ।

| | | | | |
|---|---|---|---|---|
| *प्रति शेयर आम्दानी : १२.७६ | प्रति शेयर नेटवर्थ : १९३.३८ | पि.ई. अनुपात : ८६.५२ | प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,४८४ | औसत प्रतिफल दर : १०.५५ |


*प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।


कम्पनीले आ.व.२०७५/७६ को दोस्रो त्रैमासिक अवधि सम्ममा रु. २८.०५ करोड मुनाफा आर्जन गर्न सफल भएको छ । गत वर्ष सोहि अवधिमा रु.२७.९६ करोड मुनाफा आर्जन भएको थियो । उक्त मुनाफाको दाँजोमा यस समिक्षा वर्षको मुनाफामा ०.३० प्रतिशतले बृद्धि भएको छ । सो वित्तिय विवरणमा आय व्यय हिसाबबाट रु. ५८६.५३ करोड जीवन वीमाकोषमा सारी कुल जीवन वीमाकोष रु.५,६७३.३९ करोड भएको छ ।


२) व्यवस्थापकिय विश्लेषण:


क) कम्पनीको दोस्रो त्रैमासिक अवधिसम्ममा कुल वीमाशुल्क आर्जन रु.१०६०.३८ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल वीमाशुल्क रु. ७२२.५२ करोडको तुलनामा ४६.७६ प्रतिशतले बृद्धी भएको हो । सबै भन्दा उच्च प्रतिफल, समयानुकुल बजार प्रवर्द्धन रणनीति, बढ्दो जनचेतना र बीमितको सर्वोपरी हितका लागि गर्दै आएका प्रयासका कारण कम्पनीले उच्च बजारहिस्सा ओगड्दै आएको छ ।
कम्पनीले यस दोस्रो त्रैमासिक अवधिसम्ममा कुल रु. ५४२.४१ करोड दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले वीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ ।
कम्पनीले दोस्रो त्रैमासिक अवधिसम्ममा रु. ६३.५३ अर्व भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ५२.२९ अर्व मा २१.४९ प्रतिशतको बृद्धी हो । कम्पनीले बिमा समितीको लगानी निर्देशिका बमोजिम सुरक्षित क्षेत्रमा लगानी गर्दै आएको छ । बढ्दो वीमाशुल्क आर्जन र सुरक्षित लगानि बृद्धिले कम्पनकिो वित्तिय क्षमता सुदृढ बनाएको छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन वीमा योजना अन्तर्गत प्राप्त प्रथम वीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।




(* बीमाङ्कीय मूल्याङ्कन हुन बाकी)

ख) कम्पनीले बिद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ फलस्वरुप, कम्पनीको व्यवसायिक बिस्तारमा तीब्रता तथा वीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) बिगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको ।

४) संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण:

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्तपरक रहेको पाएका छौं । ख) त्रैमासिक अवधि सम्मको शेयर कारोबारको बिवरण निम्न बमोजिम रहेको छ ।

| | | | | |
|---|---|---|---|---|
| अधिकतम मूल्य : रु १,१७४ | न्यूनतम मूल्य : रु ८८८ | अन्तिम मूल्य : रु १,१०४ | कारोबार संख्या : ७,७९,५७१ कित्ता | कारोबार दिन : ६० दिन |

५) समस्या र चुनौती: मुलुकमा जीवन वीमा व्यवसाय प्रति सकारात्मक भावनाको विकास भइरहेकोले जीवन वीमालाई सामाजिक सुरक्षा तथा अनुसाशित बचतको माध्यमको रुपमा स्थापित गर्न वीमा जागरण अभियानलाइ थप ससक्त बनाउन जरुरी छ । दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकिकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यसै गरी दक्ष जनशक्तिको अभावले केही चुनौतीहरु थपिएका छन । कम्पनीले समयानुकुल व्यवसायिक रणनितिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई प्रथम प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोवार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्‍याएको छ । कम्पनीले आफनो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोवारहरुलाई समयमै लेखा परिक्षण गर्दै आएको छ । कम्पनीले आफनो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परिक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरि प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरि छलफल पश्चात वीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले बीमा समिति द्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिबेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।


रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा)प्रधान कार्यालय: हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np


किनकि जीवन अमूल्य छ...